# संघीय संसद
# प्रतिनिधि सभा
छैटौं अधिवेशन
बैठक संख्या - २०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २७ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:३५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री गगन कुमार थापालाई समय दिनुहुँदा उहाँले कोभिड-१९ रोगको रोकथामका सम्बन्धमा प्रमुख प्रतिपक्षी दल एवं विभिन्न क्षेत्रबाट आएका सुझावहरुको वेवास्ता गर्दै सरकार अगाडि बढिरहेको, कोरोनाको उपचारमा खर्च भएको भनिएको १० अर्ब रुपैयाँ बराबरको खर्च अपारदर्शी भएको, कोरोनाका बिरामी राख्ने क्वारेन्टाइन स्थल बेहाल रहेको, विज्ञहरुले सुझाव दिए अनुसार पी.सी.आर. टेष्ट बढाउनु पर्नेमा सरकार अझै आर.डि.टी. टेष्टमा नै अल्झिरहेकोले देशका विभिन्न स्थानमा स्वाब कलेक्सन र टेष्ट गर्ने कार्य प्रभावित भएको, भारतबाट स्थलमार्ग हुँदै आएका नेपालीहरुलाई फरक व्यवहार भएको, कोरोना बाहेकका बिरामीले औषधी उपचार नपाएको लगायतका विषयमा प्रधानमन्त्री एवं सरकारले गठन गरेको उच्चस्तरीय समितिका संयोजकबाट जवाफ आउनुपर्ने भन्नुभयो ।

तदुपरान्त मा० श्री छविलाल विश्वकर्माले रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित गंगादेवी पशु फार्ममा ५ जना स्थानीय श्रमिकहरुको ज्यान जाने गरी भएको नृशंस हत्याको निष्पक्ष छानविन गरी अपराधीलाई हदैसम्मको कारवाही र परिवारलाई उचित क्षतिपूर्तिको समेत व्यवस्था होस् भन्नुभयो ।

तत्पश्चात मा० श्री सूर्यनारायण यादवले २०७७ वैशाख ६ गते सप्तरी जिल्ला हनुमाननगरका कृष्णकुमार श्रेष्ठ आफ्नो व्यवसायको सिलसिलामा सुनसरी जिल्लाको भण्टाबारीमा रहँदा प्रहरीले नियन्त्रणमा लिएको, प्रहरीबाटै कृतिम प्रमाण सिर्जना गरी हिरासतमा राखिएको र उहाँका आफन्तहरुलाई समेत भेट्न नदिई चरम मानसिक तथा शारीरिक यातना दिएको भन्नुहुँदै उक्त घटनाका सम्बन्धमा सत्य तथ्य पत्ता लगाई निजलाई रिहा गरियोस् भन्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
२. मा० श्री प्रदिप यादव
३. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा मा० श्री बहादुर सिंह लामा (तमाङ) र मा० श्री प्रेम सुवालले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले स्पष्ट पार्नुभयो ।

तत्पश्चात मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले स्पष्ट पार्नुभयो ।

१. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
२. मा० श्री रामबाबु कुमार यादव

३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दुर्गा पौडेल

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले स्पष्ट पार्नुभयो ।

१. मा० श्री गगन कमार थापा
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रामसहाय प्रसाद यादव

त्यसपछि मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदयेश त्रिपाठीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा मा० श्री अतहर कमाल मुसलमान र मा० श्री प्रेम सुवालले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदयेश त्रिपाठीले स्पष्ट पार्नुभयो ।

तत्पश्चात मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा मा० श्री प्रेम सुवाल र मा० डा० नारायण खड्काले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले स्पष्ट पार्नुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० गृह मन्त्री श्री रामबहादुर थापाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री दिलेन्द्र प्रसाद बडू
२. मा० श्री रेनुका गुरुङ्ग
३. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले स्पष्ट पार्नुभयो ।

१. मा० श्री भिमसेनदास प्रधान
२. मा० श्री उमाशंकर अरगरिया
३. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७७ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिने र विनियोजन विधेयक पारित गर्ने कार्यक्रम भोलीको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री बालकृष्ण खांण
३. मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ
४. मा० श्री गंगा चौधरी (सत्गौवा)
५. मा० श्री पुष्पा भुसाल (गौतम)
६. मा० श्री लक्ष्मणलाल कर्ण
७. मा० श्री कु. तुल्सी थापा
८. मा० श्री गगन कुमार थापा
९. मा० श्री खगराज अधिकारी
१०. मा० श्री दुर्गा पौडेल

११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१३. मा० श्री शान्ता चौधरी
१४. मा० श्री डिला सँग्रौला (पंत)
१५. मा० श्री पूर्णकुमारी सुवेदी
१६. मा० श्री मानबहादुर विश्वकर्मा
१७. मा० श्री गौरीशंकर चौधरी
१८. मा० श्री सुजाता परियार
१९. मा० श्री विन्दा पाण्डे
२०. मा० श्री देवप्रसाद तिमलसेना
२१. मा० श्री आशा कुमारी वि.क.
२२. मा० श्री लक्ष्मीकुमारी चौधरी
२३. मा० श्री नवराज सिलवाल
२४. मा० श्री गजेन्द्रबहादुर महत
२५. मा० श्री विना कुमारी श्रेष्ठ
२६. मा० श्री गोपालबहादुर बम
२७. मा० श्री अमनलाल मोदी
२८. मा० श्री विमला वि.क
२९. मा० श्री रामकुमारी झांक्री
३०. मा० श्री राजेन्द्रप्रसाद गौतम
३१. मा० श्री सोमप्रसाद पाण्डेय
३२. मा० श्री गणेश सिंह ठगुन्ना
३३. मा० श्री प्रदिप गिरी
३४. मा० श्री महेश बस्नेत
३५. मा० श्री झपटबहादुर रावल
३६. मा० श्री सरिता कुमारी गिरी
३७. मा० डा० विजय सुब्बा
३८. मा० श्री सूर्यप्रसाद पाठक
३९. मा० श्री मन कुमारी जि.सी.
४०. मा० श्री लालबाबु पण्डित
४१. मा० श्री विशाल भट्टराई
४२. मा० श्री मेटमणि चौधरी
४३. मा० श्री भूमिप्रसाद त्रिपाठी
४४. मा० श्री घनश्याम खतिवडा
४५. मा० श्री जुलीकुमारी महतो
४६. मा० श्री रेखा कुमारी झा
४७. मा० श्री लिलानाथ श्रेष्ठ
४८. मा० श्री मोहन बानियां
४९. मा० श्री विमला विश्वकर्मा
५०. मा० श्री शेरबहादुर तामाङ
५१. मा० श्री नरबहादुर धामी
५२. मा० श्री महेश्वरजंग गहतराज (अथक)
५३. मा० श्री टेकबहादुर बस्नेत
५४. मा० श्री पार्वता डि.सी. (चौधरी)
५५. मा० श्री सञ्जयकुमार गौतम
५६. मा० श्री भरतकुमार शाह
५७. मा० श्री राजेन्द्र कुमार के.सी.
५८. मा० श्री दिलेन्द्रप्रसाद बडू
५९. मा० श्री लक्ष्मी परियार
६०. मा० श्री दिपकप्रकाश भट्ट
६१. मा० श्री निरा देवी जैरु
६२. मा० श्री पवित्रा निरौला (खरेल)
६३. मा० श्री सुजिता शाक्य
६४. मा० श्री भिमसेनदास प्रधान
६५. मा० श्री नारायणप्रसाद मरासिनी
६६. मा० श्री तिलबहादुर महत क्षेत्री
६७. मा० श्री लालबहादुर थापा
६८. मा० श्री राधा कुमारी ज्ञवाली
६९. मा० श्री नारदमुनी राना
७०. मा० श्री निरुदेवी पाल
७१. मा० श्री कृष्णबहादुर राइ
७२. मा० श्री गोकुलप्रसाद बाँस्कोटा
७३. मा० श्री अञ्जना विसंखे
७४. मा० श्री खेमप्रसाद लोहनी
७५. मा० श्री जीवनराम श्रेष्ठ
७६. मा० श्री प्रकाश रसाईली (स्नेही)
७७. मा० श्री यज्ञबहादुर बोगटी
७८. मा० श्री पद्मनारायण चौधरी
७९. मा० श्री शान्तिमाया तामाङ्ग पाख्रिन
८०. मा० श्री सुरेशचन्द्र दास
८१. मा० श्री पार्वती कुमारी विशुन्के
८२. मा० श्री हरिराज अधिकारी
८३. मा० श्री दिव्यमणि राजभण्डारी
८४. मा० श्री यज्ञराज सुनुवार

त्यसपछि मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७७ साल जेठ २८ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी राती ८:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव